# बालबालिका र युवायुवतीहरूलाई सुरक्षित राख्न एन.एस.डब्ल्यू. स्वास्थ्य (NSW Health) को प्रतिबद्धता

(NSW Health’s commitment to keep children and young people safe)

**एन.एस.डब्ल्यू. स्वास्थ्यमा, प्रत्येक बालबालिका र युवायुवतीले स्वास्थ्य सेवा लिँदा वा हाम्रो हेरचाहमा हुँदा सुरक्षित, सम्मानित र स्वागतयोग्य महसुस गरून् भन्ने हामी चाहन्छौँ। स्वास्थ्य सेवा केन्द्रहरू बालबालिका र युवायुवतीहरूका लागि सुरक्षित र मैत्रीपूर्ण ठाउँहरू हुन् भनी सुनिश्चित गर्न हामीले १० वटा बाल सुरक्षा मापदण्डहरू प्रयोग गरिरहेका छौं।**

हामीलाई थाहा छ कि बालबालिका र युवायुवतीहरूलाई सुरक्षित राख्नु भनेको हामीले सधैं गर्नुपर्ने कार्य हो। हामी विगतमा भएका घटनाहरूबाट सिक्दैछौँ र राम्रो कार्य गर्न परिवर्तनहरू ल्याउदैछौँ।

बाल सुरक्षाप्रतिको यो प्रतिबद्धतालाई लिखित रुप दिन मद्दत स्वरुप, हामीले बालबालिका र युवायुवतीहरूलाई उनीहरूको लागि के ले महत्त्व राख्छ भन्ने कुरा सोध्यौँ। उनीहरूको भनाइ अनुसार वयस्कहरूले उनीहरूको कुरा सुनून्, उनीहरूको हेरचाह बारेका निर्णयहरूमा उनीहरूलाई समावेश गराउन् र उनीहरूलाई सम्मानपूर्वक व्यवहार गरून् भन्ने चाहन्छन्। उनीहरू असुरक्षित महसुस गरेको अवस्थामा कसरी आफ्नो कुरा राख्ने र जब उनीहरूले आफ्नो कुरा राख्छन् तब त्यसलाई गम्भीरतापूर्वक लिनुपर्ने कुरा बताए।

## एन.एस.डब्ल्यू. स्वास्थ्यले के गर्नेछ?

**हामीले निम्न कुरा गर्नेछौं:**

- तपाईंको अधिकारलाई समर्थन गर्नेछौँ, जस्तै सुरक्षित महसुस गर्ने, सुनुवाइ पाउने र दयालु व्यवहार महसुस गर्ने अधिकार।
- कुनै पनि दुर्व्यवहार, हानि, जातीय भेदभाव, वा अनुचित व्यवहार हुन दिनेछैनौँ।
- स्वास्थ्य सेवाहरूले एबोरिजिनल बालबालिका र युवायुवतीहरूको हेरचाह उनीहरुले बुझ्ने, गर्ने र उनीहरुकै तरिकाहरूको सम्मान गर्ने तरिकाले गरून् भन्ने कुरा सुनिश्चित गर्नेछौं।
- विभिन्न संस्कृति, भाषा र धर्मका बालबालिका र युवायुवतीहरूका लागि स्वास्थ्य सेवाहरू सुरक्षित र स्वागतयोग्य छन् भनी सुनिश्चित गर्नेछौँ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई पनि स्वास्थ्य सेवाहरू सुरक्षित र प्रयोग गर्न सजिलो छ भनी सुनिश्चित गर्नेछौं।
- LGBTQIA+ समुदायका सबै बालबालिका र युवायुवतीहरूका लागि स्वास्थ्य सेवाहरू स्वागतयोग्य छन् भनी सुनिश्चित गर्नेछौं।
- हाम्रा कर्मचारी र स्वयंसेवकहरूलाई बालबालिका र युवायुवतीहरूलाई कसरी सुरक्षित राख्ने भन्ने बारेमा तालिम दिनेछौं।
- हाम्रा नेताहरूले राम्रो उदाहरण बसालेको सुनिश्चित गर्नेछौँ र सुरक्षा चिन्ता भएको खण्डमा तुरुन्तै कदम चल्नेछौं।
- हाम्रा नियम र योजनाहरूले बालबालिका र युवायुवतीहरूलाई सुरक्षित राख्न मद्दत गरेको सुनिश्चित गर्नेछौं।

## हामीले के अपेक्षा गर्न सक्छौँ?

**बालबालिका र युवायुवतीको रूपमा, तपाईंले निम्न कुराहरूको अपेक्षा गर्न सक्नुहुन्छ:**

- कर्मचारीहरूले तपाईंको कुरा सुन्नेछन् र तपाईंलाई सम्मानपूर्वक व्यवहार गर्नेछन् ।
- तपाईंको हेरचाह बारेका निर्णयहरूमा तपाईंको भनाइ राख्न पाउनुहुनेछ।
- हामी तपाईंसँग तपाईंले बुझ्न सक्ने तरिकाले कुरा गर्नेछौँ।
- हामी तपाईंको गोपनीयताको सम्मान गर्नेछौँ र तपाईंको स्वास्थ्य बारेको जानकारी सुरक्षित छ भनी सुनिश्चित गर्नेछौँ। तपाईंको स्वास्थ्य सेवाको लागि वा तपाईंलाई सुरक्षित राख्न आवश्यक नपरेसम्म हामीले तपाईंको जानकारी साझा गर्ने छैनौँ।
- यदि तपाईं असुरक्षित महसुस गर्नुहुन्छ भने तपाईंले कुरा उठाउन सक्नुहुन्छ र हामीले तपाईंको कुरा गम्भीरतापूर्वक लिनेछौँ र तुरुन्तै कदम चाल्नेछौँ।
- तपाईंको संस्कृति तपाईंको स्वास्थ्य र कल्याणको लागि महत्त्वपूर्ण मानिनेछ।
- बालबालिका र युवायुवतीहरूका लागि स्वास्थ्य सेवाहरू कसरी सुरक्षित बनाउने भन्ने बारेमा तपाईं आफ्ना विचारहरू साझा गर्न सक्नुहुन्छ।

नोभेम्बर २०२५ © एन.एस.डब्ल्यू. स्वास्थ्य। SHPN (GR) 251028